# ककनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल

## आ.व. २०८१/८२ को लागि ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, माटो, (दहत्तर बहत्तर) लगायतका नदीजन्य तथा खानीजन्य पदार्थहरु र ईटा, स्लेट, काठ दाउरा तथा कवाडीजन्य वस्तु/ पदार्थहरुको निकासी कर शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०९)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधि नियमावली र ककनी गाउँपालिकाको विभिन्न नदीजन्य तथा खानीजन्य पदार्थहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), कार्यपालिकाको बैठक र १४ औं गाउँसभाले गरेको निर्णय आदिका आधारमा नदीजन्य तथा खानीजन्य पदार्थहरुः ढुङ्गा, गिटी, बालुवा, ग्रावेल, माटो, (दहत्तर बहत्तर), रोडा, ईटा, काठ, स्लेट आदि वस्तु तथा कवाडीजन्य पदार्थको निकासी कर उठाउनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/संस्था/कम्पनीले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तपसिल अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र पेश गर्नहुन सार्वजनिक रुपमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण शीर्षक | जम्मा परिमाण (घ.मी.) | कुल न्यूनतम कबोल अंक (मु.अ.क. बाहेक) रु. मा | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 01/ Revenue /kakani/ 2081-082 | ककनी गाउँपालिकाको क्षेत्राधिकारमा रहेका ककनी गाउँपालिका भएर बग्ने कोल्पुखोला, मझुवा खोला, घट्टेखोला खोला, चाउथे खोला, लाकुरे खोला, दोभान खोला, झाकी खोला, सिन्दुरे खोला, मझुवा भलटोल खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारको परिमाणमा ढुङ्गा, गिट्टी, माटो, वालुवा, ग्राभेल, रोडा, ईटा, काठदाउरा, माटो, स्लेट तथा कवाडीजन्य वस्तुको निकासी कर असुल गर्ने ।<br>क) ढुंगा, गिट्टी, वालुवा, ग्राभेल विक्री तथा निकासी कर प्रति क्यु.फि. रु. ७०० को दरले रु.१,१४,९९,४४५।४४ (एक करोड चौध लाख उनन्सय हजार चार सय पैतालिस रुपैया चवालिस पैसा मात्र) | ४६५६४।- | १,१४,९९,४४५।४४ | रु.५०००।- |
| | ककनी गाउँपालिकाको क्षेत्राधिकारमा रहेको स्वीकृत सञ्चालित खानीहरु (वडा नं. २, ३, ४) बाट विक्री हुने ढुंगा, गिट्टी, वालुवा, ग्राभेल खानीजन्य पदार्थहरु तथा अन्य इट्टा, काठ, स्लेट ब्लक, रिङ, माटो, टायल आदि पदार्थहरु र कवाडीजन्य वस्तुहरु निकासी कर असुल गर्ने ।<br>क) ढुंगा, गिट्टी, वालुवा, ग्राभेल निकासी कर प्रति क्यु.फि. रु. ७०० को दरले रु.१,२१,५१,६५१।०५ पैसा<br>ख) ईट्टाको लोकल प्रति गोटा रु. ०।२५ दरले<br>ग) काठको बाह्य निकासी<br>घ) ब्लक/स्लेट ढुंगा/ह्युम पाईप/रिङ बाह्य निकासी<br>ङ) कवाडी तथा अन्य वस्तुमा निकासी कर<br>(सि.नं. ख, ग, घ, ङ वापतको एकमुष्ठ रु. ६,००,०००।-) | ४९२०४।९४ | १,२१,५१,६५१।०५ | |

राखिएका विस्तृत शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ ।

१. शिलबन्दी बोलपत्र फारम यस गाउँपालिकाबाट यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस गाउँपालिकाको कृषि विकास बैंक रानीपौवा शाखामा रहेको तपसलिको खातामा रु. ५०००। (अक्षरेपि पाँच हजार मात्र) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ ।
**राजश्व खाता नं. : ०२१३४०१२५१०३४०९३**

२. हालसम्म नवीकरण भएको इजाजत-पत्र र आयकर दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता वा २०८०/८१ को म्याद थपको प्रमाण सहित बोलपत्र फारम भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेसम्म आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम कृषि विकास बैंक रानीपौवामा शाखामा रहेको **धरौटी खाता नं. ०२१३४०१२५१०३४०४२** मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) संलग्न गरी पेश गर्नुपर्नेछ ।

३. रीतपूर्वक पर्न आएका बोलपत्र फारमहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि कार्यालयलाई बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै गाउँपालिकाको कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र खोल्न सकिनेछ ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको विवरण प्रत्येक चौमासिकमा भुक्तान भएको महिना दिनभित्रै गाउँपालिकामा बुझाउनु पर्नेछ । अन्य कर शुल्क लागेमा ठेकेदार आफैले असुल गरि प्रचलित कानुन बमोजिम दाखिला गर्नुपर्नेछ ।

७. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ । सो नभए प्रथम किस्ता बापतको ४० प्रतिशत रकम (मू.अ.कर समेत) सम्झौता गर्दाको बखत र बाँकी ६० प्रतिशतले हुने रकम (मू.अ. कर समेत) २०८२ को आषाढ मसान्तसम्म म्याद भएको कृषि विकास बैंक एवम् मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

८. तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट बाँकी रहेको किस्ता बैक ग्यारेन्टीबाट असुल उपर गर्ने गरि कानुनी प्रक्रिया अपनाईनेछ । असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असुल उपर गर्न सकिनेछ ।

९. काठ निकासीमा गाउँपालिकाबाट उत्पादन भै बाहिर निकासी हुनेमा मात्र सम्बन्धित डिभिजन वन कार्यालयको चलानी अनुसार कर असुल गर्नु पर्नेछ ।

१०. ईट्टाको हकमा गाउँपालिकाको क्षेत्रमा उत्पादित स्थानीय इट्टामा मात्र कर संकलन गर्न पाईनेछ ।

११. बोलपत्रदाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको बोलपत्र पेश गर्नुपर्नेछ ।

१२. उठाइने करका दरहरु बोलपत्र फारम साथ उपलब्ध गराइनेछ ।

१३. कुनै पनि परिस्थितिजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१४. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नुपर्नेछ । अन्य कुनै कम्पनी वा फर्मको नामबाट पेश गरेको बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।

१५. ठेकेदारले निकासी भएको बराबरको मात्र कर असुल्न पाउनेछ । ठेक्का अघि वा पछिको उत्खनन् तथा संकलन भएको परिमाण दाबी गर्न पाइने छैन ।

१६. ठेक्का अवधि गाउँपालिकासँग सम्झौता भएको मितिले २०८२ असाढ मसान्तसम्म रहनेछ ।

**सूचनामा उल्लेख भएकोमा यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**